## इराक जान नेपालीलाई
# प्रवेश खुल्ला

**काठमाडौं ।** सरकारले नेपालीलाई इराक प्रवेशमा लगाएको प्रतिबन्ध हटाउने निर्णय गरेको छ । मन्त्रीस्तरीय निर्णयमा प्रतिबन्ध फुकुवा घोषणा बुधबार गरिने श्रम मन्त्री मोहम्मद अफताव आलमले बताए ।

यसबारे प्रधानमन्त्री र परराष्ट्र मन्त्रीबीच छलफल भइसकेको छ,' आलमले मंगलबार साँझ भने, 'सरकारले फुकुवासम्बन्धी घोषणा बुधबार गर्छ ।' रोजगारीका लागि इराक पुगेका १२ नेपाली कामदारको अपहरण र हत्याको कारण २०६१ भदौ १६ मा राजधानीलगायत देशका विभिन्न स्थानमा आक्रमणपछि सरकारले नेपालीलाई त्यहाँ जान रोक लगाएको थियो । मन्त्री आलमले ३० हजारभन्दा बढीको एकैपटक रोजगारी गुम्दा देशभित्र ठूलो संकट उत्पन्न हुने देखिएकाले फुकुवा गरेको बताए ।

'इराकमा रहेका नेपालीले पनि सुरक्षा अवर्थामा सुधार आएको बताएका छन्,' उनले भने, 'प्रतिबन्ध हटाए त्यहाँ काम गर्ने नेपालीको रोजगारीलाई निरन्तरता दिने आश्वासन अमेरिकी राजदूतले दिइसकेका छन् ।' अमेरिकी सरकारले प्रतिबन्ध हटाए गैरकानुनी रूपमा त्यहाँ पुगेका नेपाली कामदार नफर्कने भनेर मंगलबार जानकारी गराएको परराष्ट्र मन्त्रालयका युरोप, अमेरिका तथा मध्यपूर्व महाशाखाका प्रमुख धनन्जय झाले जानकारी दिए ।

परराष्ट्र सचिव मदनकुमार भट्टराईले सोमबार अमेरिकी राजदूत स्टक एच डिलिसीसँग प्रतिबन्ध फुकुवा गरेको अवस्थामा त्यहाँ रहेका नेपाली कामदारका भविष्य के हुने भनी अमेरिकी सरकारको धारणा मागेका थिए । अमेरिकी सेन्टर कमान्डले गैरकानुनी रूपमा इराकमा रहेका सबै कामदार साउन २४ भित्र निकाल्न सम्बद्ध कम्पनीलाई निर्देशन दिएपछि परराष्ट्रले श्रम मन्त्रालयलाई मंगलबार पत्राचार गरेको थियो । कमान्डले नेपाल र फिलिपिन्सले आफ्ना नागरिकलाई इराक प्रवेशमा प्रतिबन्ध लगाएको भन्दै ६० दिनभित्र नयाँ कामदार भर्ना गरिसक्न निर्देशन दिएको थियो । इराकमा ३६ अमेरिकी सैनिक शिविर छन् । त्यहाँ बहुराष्ट्रिय कम्पनीमार्फत् अमेरिकी सैनिकको बन्दोबस्ती तथा अन्य काममा विश्वभरिका हजारौं कामदार खटिएका छन् ।

सरकारले प्रवेशमा रहेको प्रतिबन्ध फुकुवा गरे पनि रोजगारीका लागि इराकलाई श्रम स्वीकृति प्रदान नगर्ने श्रम मन्त्रालयका प्रवक्ता पूर्णचन्द्र भट्टराईले बताए । 'तत्कालका लागि त्यहाँ रहेका नेपालीको हित संरक्षण पहिलो प्राथमिकतामा पर्दछ,' उनले भने, 'धेरै कुरामा विचार विमर्शपछि मात्रै थप कामदार पठाउन सकिन्छ ।' भट्टराईले इराकको सुरक्षा अवस्था, इराक हेर्ने दूतावासलगायतका विभिन्न विषयमा पछि निर्णय हुने बताए । इराकका लागि पाकिस्तानभन्दा छिमेकी कुवेत दूतावास उपयुक्त हुने बताइँदै आएको छ ।

'हतारको निर्णय' नेपाल वैदेशिक रोजगारी व्यवसायी संघका प्रथम उपाध्यक्ष हंसराज वाग्लेले विनाअध्ययन हतारमा इराक प्रतिबन्ध खुला गर्न लागेको प्रतिक्रिया दिए । कानुनी प्रक्रिया पूरा नगरी प्रतिबन्ध फुकुवा गर्दा त्यसले थप समस्या निम्त्याउने उनले बताए । 'अवैध रूपमा पुगेका आफना नागरिकको उद्धार गर्नुपर्ने सरकारको दायित्व थियो,' उनले भने, 'तर अहिले एकाएक अवैधलाई फर्काउनुको सट्टा वैधानिकता दिएर माफियालाई मान्यता दिएको छ ।'

# चामलको मूल्य बढ्यो

**काठमाडौं ।** बजारमा चामलको मूल्य बढेपछि सरकारी स्वामित्वको नेपाल खाद्य संस्थानले पनि बढाएको छ । सस्तो चामल व्यापारीले खाद्य संस्थानबाट लगेर ग्राहकलाई बढी मूल्यमा बेच्न थालेपछि संस्थानले पनि मूल्य बढाएको हो ।

'हामीले सस्तोमा नै चामल बिक्रि गर्दा त्यसको दुरूपयोग हुनसक्ने भएपछि मूल्य बढाएका हौं,' संस्थानका नायब महाप्रबन्धक विजयध्वज थापाले भने । बजारमा सबैभन्दा धेरै बिक्रि हुने सोना मन्सुली चामलको मूल्य संस्थानले केजीको तीन रूपैयाँ बढाएर ३४ रूपैयाँ प्रतिकेजी पुऱ्याएको छ । यसअघि यो चामलको मूल्य ३१ रूपैयाँ प्रतिकेजी थियो । संस्थानले काठमाडौंमा बेच्ने चामलमा मात्र मूल्य बढाएको हो ।

सोना, साँवा, जिरा मन्सुली र वास्मती चामल संस्थानले बिक्रि गर्दै आएको छ । राजधानीमा हाल साँवा मन्सुली ४८, जिरा मन्सुली ५० र वास्मती ६६ रूपैयाँ प्रतिकेजीमा संस्थानले बिक्रि गर्दै आएको छ । जापान सरकारले अनुदानमा दिएको चामललाई भने संस्थानले प्रतिकिलो ५० रूपैयाँमा बेचिरहेको छ ।


# हार्दिक श्रद्धाञ्जली

जन्म
२००७ मंसिर १



मृत्यु
२०६७ आषाढ ३१

स्वः उत्तरकुमारी राई

खोटाङ जिल्ला खाल्ले गा.वि.स. ५ सेरा निवासी, पूर्व जिविस सदस्य तथा नेपाल महिला संगठन सभापति राष्ट्रिय महिला सेवापदक तथा दैवी प्रकोप पीडित उद्धार सेवा पदकबाट बिभुषित समाजसेवी **उत्तरकुमारी राई**को उपचारको क्रममा असामयिक निधन भएको समाचारले हामीलाई स्तब्ध तुल्याएको छ । यस दुखद घडीमा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिका लागि पारूहाङ तथा सुम्निमासँग प्राथना गर्दछौं ।

**श्री सिताराम राई**
**श्रीमती रिता राई**
**श्री प्रेम राई**
**श्रीमती मेजन राई**
**श्री प्रेम राई**
**श्रीमती डिगम राई**
**श्री बाल कुमार राई**
**श्रीमती फुलसरी राई**
**श्री गजेन्द्र राई**
**श्रीमती अनिता राई**
**श्री डम्बर राई**
**श्रीमती नमिता राई**

**बहिनी श्रीमती मुगादेवी राई**
**वहिनी ज्वाई श्री देविराम राई**
**छोरा श्री सुयोग राई**
**छोरीहरू सुश्री सृजना राई**
**सुश्री सुद्रिना राई**
**सुश्री सृष्टिना राई**

**श्री रत्न राई**
**श्रीमती सञ्च लक्छी राई**
**श्री जनक राई**
**श्री अर्जुन राई**
**श्री नन्दराज राई**
**श्रीमती शोभा राई**
**श्री रामकाजी राई**
**श्रीमती सुमित्रा राई**
**श्री धनीराम राई**
**श्री दैवराम राई**
**श्रीमती धन कुमारी राई**
**श्री केशव राई**
**श्रीमती सरिता राई**


## यो साता

### विनिमय दर

| **खरिद दर** | **बिक्री दर** |
|---|---|
| अमेरिकी डलर १ को रू. ७४।४५ | अमेरिकी डलर १ को रू. ७५।०५ |
| युरो १ को रू. ९६।८५ | युरो १ को रू. ९७।६३ |
| पाउण्ड स्टर्लिङ १ को रू. ११५।४५ | पाउण्ड स्टर्लिङ १ को रू. ११६।३८ |

### सुनचाँदीको दर (प्रति १० ग्राम)

छापावाल सुन : ३०,०००/- तेजाबी सुन : रू. २८,८२०/- चाँदी : रू. ४८२/-


# हार्दिक श्रद्धाञ्जली

जन्म : १९७६ वि.स.
मृत्यु : श्रावण ३ गते २०६७

खेटाङ्ग जिल्ला मात्तिम बिर्ता ७ कात्तिके स्थायी घर भई हाल मेडीस्टोन बस्ने हाम्रा परम मित्र श्री डीनबहादुर राईकी आमा **भय लक्षी राईको** ९१ वर्षको पाको उमेरमाा असामयिक निधन भएको समाचारले हामीलाई स्तब्ध तुल्याएको छ । यस दुखद घडीमा शोकसन्तप्त परिवारजन प्रति समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**श्री दिलीपकुमार राई**
**अध्यक्ष**
**तथा**
**सम्पूर्ण सदस्यहरू**
**किरात राई यायोक्खा प्रारम्भिक कार्यसमिति, मेडिस्टन**



# खोटाङ्ग सेवा समाज, युकेको वार्षिक राष्ट्रिय भेलासम्बन्धी सूचना !

खोटाङ्ग सेवा समाज, युकेले आफ्नो २०१० को वार्षिक भेला निम्न स्थान र मितिमा आयोजना गर्ने कुरा सहर्ष जानकारी गराउँदै बेलायतको विभिन्न क्षेत्रमा छरिएर बस्नुभएका सम्पूर्ण खोटाङे दाजुभाइ तथा चेलीबेटीहरूलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गरिन्छ ।

स्थान :
**Hawkinge Community Centre**
**Heron Forstal Avenue**
**Hawkinge, Kent, CT18 7FP**

मिति र समय
८ अगष्ट आइतवार, २०१०
बिहान ११.००–६.०० सम्म

**अन्य जानकारीका लागि सम्पर्क व्यक्तिहरू**

श्री रत्न कुमार राई - फोन नं.३07846769537 ' मेडिस्टन
श्री मेजरधन राई - फोन नं. 07813023222 ' विनचेस्टर
श्री किरण कुमार राई - फोन नं.३07894321893 ' आश्फोर्ड
श्रीमती वालकुमारी गुरूङ्ग - फोन नं. 07588617530 ' आश्फोर्ड
श्री दैवराम राई - फोन नं.३07786195715 ' क्याम्वर्ली
श्री ध्रुव कुमार राई - फोन नं. 07828279741 ' फोक्सटन
श्री हर्कराम राई - फोन नं. 07878273432 ' लण्डन
श्री चन्द्रबहादुर राई - फोन नं.३07861225341 ' फान्वरो
श्री वीरेन्द्रराई - फोन नं.३07920101092 ' फान्वरो
श्री प्रसादकुमार राई - फोन नं. 07533430478 ' वेजिङ्गस्टक
श्री धनकुमार राई - फोन नं.३07533071063 ' स्वीण्डन

**आयोजक**
खोटाङ्ग सेवा समाज, युके